तलकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तलकोट बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं २०७९/८०
च.नं १४२०

मिति : २०७९/१२/२४

विषय :मेलमिलापकर्ता सुचिकरणका लागि आवेदन पेश गर्ने बारे ।

श्री सरोकारवाला सबै ।

उपरोक्त सम्बन्धमा यस तलकोट गाउँपालिकाको न्यायिक समिति अन्तरगत सञ्चालित स्थानीय मेलमिलाप केन्द्रमा रही मेलमिलापकर्ताको रुपमा कार्य गर्न **तलकोट गाउँपालिकाको न्यायिक समितिले विवादको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन २०७४** को दफा ५९ को प्रयोजनका लागि मेलमिलापकर्ता सुचिकृत गर्नुपर्ने भएकाले यस अघि मेलमिलापकर्ताको तालिम लिइ मेलमिलापको कार्य गर्दै आउनुभएका मेलमिलापकर्ता तथा नयाँ सुचिकृत हुन चाहने देहायको योग्यता पुगेका मेलमिलापकर्ताले तपसिलका कागजातका साथ आगामी २०८० वैशाख मसान्तभित्र यस गाउँपालिकाको न्यायिक समिति समक्ष तोकिए वमोजिमको ढाँचामा आवेदन पेश गर्न आह्वान गरिन्छ ।

सिद्धराज भण्डारी
नि. प्रमूख प्रशासकीय अधिकृत

सिद्धराज भण्डारी
नि. प्रमुख प्रशासकिय अधिकृत

*तपसिल :*

क) आवश्यक योग्यता :

- कम्तीमा स्नातक तह उतिर्ण गरेको,
- कुनै राजनीतिक दलप्रति आस्था राखी दलमा सक्रिय नभएको,
- स्थानीयस्तरमा समाजसेवीको पहिचान वनाएको,
- मेलमिलाप सम्बन्धी ४८ घण्टाको तालिम लिइ मेलमिलापको कार्य गर्दै आएको,
- २५ वर्ष उमेर पूरा भएको ।
- माथि योग्यता सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि तालिम लिइ हाल क्रियाशिल मेलमिलापकर्ताले सुचिकरणका लागि सोझै निवेदन दिन सक्नेछन् ।
- आवेदन फाराम न्यायिक समितिको सचिवालयवाट प्राप्त गर्न सकिनेछ ।

ख) आवश्यक कागजातहरू :

- नेपाली नागरिकताको छायाप्रति
- स्नातक तह उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र (नयाँको हकमा मात्र )
- मेलमिलाप सम्बन्धि ४८ घण्टे तालिम लिएको प्रमाणपत्रको छायाप्रति
- मेलमिलाप सम्बन्धि अनुभवको विवरण
- आफ्नो वैयक्तिक विवरण ( Bio Data) र
- पासपोर्ट साइजको ३ प्रति फोटो ।

बोधार्थ :

१. श्री साइपाल एफ.एम. बझाङ्ग : सुचना प्रशारण गरिदिन ।
२.श्री जनमुखी एफ.एम. बझाङ्ग : सुचना प्रशारण गरिदिन ।

email: ito.muntalkot@gmail.com website : talkotmun.gov.np

**अनुसूची-११**

**(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)**

**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**

न्यायिक समिति

तलकोट गाउँपालिका समक्ष पेश गरेको निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी ............ गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका ....... ..... मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु । न्यायिक समितिले उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्वन्धी ऐन २०७४ को दफा ६७ बमोजिमका आचरणको पूर्ण पालना गर्नेछु । मैले कुनैपनि राजनीतिक दलको सदस्यता लिएको छैन ।

<u>तपसिल</u>

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ..........

दस्तखतः ...........

मितिः .............